# थुलुङ दुधकोशी गाउँपालिकाको कृषि एम्बुलेन्स सञ्चालन कार्यविधि, २०८३

थुलुङ दुधकोशी गाउँपालिकाले सम्पूर्ण कृषकहरुका लागि कृषकहरुका लागि कृषककै खेतबारी तथा संकलन केन्द्रबाट कृषि तथा पशु सामाग्री पुर्याउन पर्ने अवस्था आएमा कृषि एम्बुलेन्स सेवा प्रदान गर्न बाञ्छनीय भएकोले नेपालको संविधानको खाद्य सम्बन्धि हकलाई मध्यनजर गरि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) बमोजिम थुलुङ दुधकोशी गाउँपालिकाको मिति २०८३।०२।१० गते गाउँ कार्यपालिकाको बैठकको निर्णय बमोजिम स्वीकृत भई लागु गरिएको छ।

## परिच्छेद १
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम "थुलुङ दुधकोशी गाउँपालिकाको कृषि एम्बुलेन्स सञ्चालन कार्यविधि, २०८३" रहनेछ।

(२) यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मिति देखि लागू हुनेछ।

२. उद्देश्यः यस कार्यविधिका मुख्य उद्देश्यहरु निम्नानुसार रहेका छन्:

१) थुलुङ दुधकोशी गाउँपालिकाका कृषकहरुलाई श-शुल्क आफ्नो कृषि सामाग्रीहरुको बजारीकरण गर्न।

२) गाउँपालिकाको आफ्नो एम्बुलेन्सको सञ्चालन।

३) कृषक र उपभोक्ताबिच रहेका धेरै तहका बिचौलियाहरुलाई हटाएर किसानलाई आफ्नो उत्पादनको उचित मूल्य दिलाउने।

४) व्यवसाहिक कृषकहरुलाई प्रोत्साहन गर्ने।

## परिच्छेद २
## कार्यक्रम सञ्चालनको कार्यान्वयनका क्षेत्रहरु

३. कृषक/फर्म/कृषि उद्यमी/कम्पनि/कृषक समूह/सहकारी संस्था/उपभोक्ता समिति/संघ संस्थाले उत्पादन गरेको बस्तु तथा त्यसरी उत्पादित बस्तुको प्रारम्भिक रुपमा प्रशोधन गरिएका खाद्यन्न बाली, फलफूल, तरकारी, मसला बाली, पुष्प, पशुपंक्षी, माछा, दुध, च्याउ, मह, कफि, दलहन, तेलहन, कोसे बाली, कृषिका सबै उपक्षेत्रगत उत्पादन र औद्योगिक प्रयोजनका लागि प्रयोग हुने कृषि जन्य कच्चा पदार्थ वा बस्तु बजार सम्म ल्याउन र उत्पादन सामाग्रीहरु उपलब्ध गराउने।

नवराज कोइराला
प्रमुख प्रशासकीय अधिकृत

थुलुङ दुधकोशी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मुक्ली, सोलुखुम्बु
कोशी प्रदेश नेपाल

## परिच्छेद ३
## कार्यक्रम सञ्चालनको कार्यक्षेत्रहरु तथा कार्यक्रम

४. (क) थुलुङ दुधकोशी गाउँपालिका भित्रका सम्पूर्ण वडाहरु र टोल बस्तीहरु
(ख) आवश्यक्ता अनुसार गाउँपालिका भित्रका कृषि बजारहरु, जिल्ला अन्तर कृषि बजारहरु तथा केन्द्रियस्तरका कृषि बजारहरु।

५. थुलुङ दुधकोशी गाउँपालिकाको वार्षिक कार्यक्रम तथा बजेटको परिधि भित्र रहि कृषि एम्बुलेन्स सञ्चालन हुनेछ।

## परिच्छेद ४
## कार्यक्रम सञ्चालन प्रकृया

६. कृषि एम्बुलेन्स सञ्चालन गर्दा देहायका बमोजिमका मापदण्डहरु पालना गर्नुपर्नेछः
(१) गाउँपालि आफैले सञ्चालन गर्दा देहायका विषय सुनिश्चित हुनुपर्नेछ।
(क) चौबिसै घण्टा खटिने सवारी चालक १ जना।
(ख) एम्बुलेन्स रेखदेख र जानकारी बारे थाहा पाउन एक जना फोकल व्यक्ति तोकिने।

(२) अन्य संघ संस्था तथा निजि क्षेत्रद्धारा संञ्चालनः
गाउँपालिकाले शर्त सहित सम्झौता गरी कुनैपनि गैह्र नाफामूलक इच्छुक कृषि एम्बुलेन्स सञ्चालन गर्न सक्ने संघ संस्था तथा निजि क्षेत्रहरुबाट सेवा सञ्चालन गर्न रिर्जभको लागि बुकिङ गर्न सक्नेछन्।

७. कृषि एम्बुलेन्स क्षमता तथा ढुवानी दररेटः
(१) गाउँपालिका क्षेत्र भन्दा बाहिरी बजारमा कृषि उपज लग्नु परेमा कम्तिमा ८०० के.जी. र बढीमा १२०० के.जी. उपज हुनुपर्नेछ।
(२) कृषि एम्बुलेन्सको दररेट निर्धारण गर्दा अनुसूची-१ बमोजिमको तालिका अनुरुप गरिनेछ।
(३) कृषि एम्बुलेन्स सेवा प्रयोगको लागि अनुसूची २ बमोजिमको निवेदन पेस गर्नुपर्नेछ।

८. पहिलो प्राथमिकता स्थानीय बजारलाई केन्द्रित गरी कृषि एम्बुलेन्स संञ्चालनमा ल्याईनेछ र त्यसपछि गाउँपालिका क्षेत्र भन्दा बाहिरका विभिन्न बजारहरुको लागि कृषि उपजको ढुवानी गर्न कृषि एम्बुलेन्स संञ्चालन गरिनेछ।

९. कृषि, पशुपंक्षी, मत्स्य, जडिबुटी र मह उत्पादन गर्न आवश्यक पर्ने सामाग्रीहरु (मल, बिउ, विरुवा, जैविक विषादी) तथा औजारहरु बाहेक अन्य उपज तथा सामाग्री आयात वा निर्यात गर्न पाईने छैन। साथै गाउँपालिकाको अति आवश्यक कार्यको लागि कृषि एम्बुलेन्स प्रयोगमा ल्याउन सकिनेछ।

नवराज कोइराला
प्रमुख प्रशासकीय अधिकृत

थुलुङ दुधकोशी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मुक्ली, सोलुखुम्बु
कोशी प्रदेश, नेपाल

## परिच्छेद ५

## कार्यक्रम सञ्चालन प्रकृया

११. कृषि एम्बुलेन्स सञ्चालन समितिः (१) कृषि एम्बुलेन्स सञ्चालन, व्यवस्थापन, अनुगमन, सुपरिवेक्षण तथा उद्देश्य अनुसारका काममा प्रयोग गर्न देहाय बमोजिमको कृषि एम्बुलेन्स सञ्चालन तथा व्यवस्थापन समिति रहनेछ।

(क) प्रमुख प्रशासकीय अधिकृत- संयोजक

(ख) योजना शाखा प्रमुख- सदस्य

(ग) आर्थिक प्रशासन तथा राजश्व शाखा प्रमुख- सदस्य

(घ) कृषि विकास शाखा प्रमुख- सदस्य सचिव

१२. दफा ११ को उपदफा (१) बमोजिम गठित समितिको बैठक आवश्यक्ता अनुसार संयोजकले बोलाएको वेला बस्नेछ।

१३. समितिको काम, कर्तव्य र अधिकारः

(क) कृषि एम्बुलेन्स सञ्चालन तथा व्यवस्थापनमा देखिएका समस्या समाधानमा सहजिकरण गर्ने।

(ख) कृषि एम्बुलेन्सको सहिं सदुपयोग गराउन तथा चौबिसै घण्टा कृषि एम्बुलेन्स सञ्चालनको सुनिश्चितता ल्याउन सहजिकरण गर्ने।

(ग) कृषि एम्बुलेन्स सञ्चालन तथा व्यवस्थापन सम्बन्धि आय र खर्चको विवरण पारदर्शी रुपमा राख्ने।

(घ) कार्यपालिकाले जिम्मा दिएका क्षेत्रगत अन्य कार्यमा सहयोग एवंम सहजिकरण गर्ने।

१४. सञ्चालन विधिः

(१) कृषि एम्बुलेन्स सञ्चालन दफा ११ बमोजिमको समितिको सिफारिस अनुसार हुनेछ।

(२) कृषि एम्बुलेन्स संचालनमा लाग्ने ईन्धन गाउँपालिकाले व्होर्नेछ।

१५. व्याख्या र बाधा अड्काउ फुकाउः (१) यस कार्यविधिको कार्यान्वयनको सिलसिलामा कुनै द्विविधा उत्पन्न भएमा वा कुनै बाधा अड्काउ आईपरेमा वा संशोधन गर्नु परेमा समितिले आवश्यक निर्णय गरी व्याख्या गर्न वा बाधा अड्काउ फुकाउन वा संशोधन गर्न सक्नेछ।

१६. खारेजि तथा बचाउः "सवारी साधन तथा हेभि इक्यूपमेन्टहरुको संचालन कार्यविधि, २०७९" को परिच्छेद ३ बमोजिम भए गरेका काम कारवाही यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ।

नवराज कोइराला
प्रमुख प्रशासकीय अधिकृत

दुधकोशी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बुङ्गी, सोलुखुम्बु,
कोशी प्रदेश, नेपाल

थुलुङ दुधकोशी गाउँपालिका द्वारा सञ्चालित कृषि एम्बुलेन्स प्रयोग गरे बापत कृषक/फर्म/कृषि उद्यमी/कम्पनि/कृषक समूह/सहकारी संस्था/उपभोक्ता समिति/संघ संस्थाहरुले व्यहोर्नु पर्ने भाडादरः

| क्र.स | कहाँ बाट जाने स्थान | पुग्ने स्थानको ठेगाना | गाउँपालिकाले छुट गर्ने रकम (४०%) रु | कृषकहरुले व्यहोर्ने रकम (६०%) रु | जम्मा भाडादर रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | गा.पा. मुक्ली | काठमाडौं | १२२०० | १८३०० | ३०५०० | |
| २. | गा.पा. मुक्ली | विराटनगर | १२२०० | १८३०० | ३०५०० | |
| ३. | गा.पा. मुक्ली | इटहरी | १२२०० | १८३०० | ३०५०० | |
| ४. | गा.पा. मुक्ली | धरान | १२२०० | १८३०० | ३०५०० | |
| ५. | गा.पा. मुक्ली | धनकुटा | १६००० | २४००० | ४०००० | |
| ६. | गा.पा. मुक्ली | कटाहारी | १५३०० | ८७०० | २४५०० | |
| ७. | गा.पा. मुक्ली | सिन्धुली | १५३०० | ८७०० | २४५०० | |
| ८. | गा.पा. मुक्ली | खोटाङ दिक्तेल | ७४०० | ११९०० | १८५०० | |
| ९. | गा.पा. मुक्ली | हर्कपुर | ६२०० | ९३०० | १५५०० | |
| १०. | गा.पा. मुक्ली | केतुके | ५८०० | ८७०० | १४५०० | |
| ११. | गा.पा. मुक्ली | ओखलढुङ्गा | ४८८० | ७३२० | १२२०० | |
| १२. | गा.पा. मुक्ली | सल्लेरी, फाप्लु | ३००० | ४५०० | ७५०० | |
| १३. | गा.पा. मुक्ली | नेले | २००० | ३००० | ५००० | |
| १४. | गा.पा. मुक्ली | काँगेल | १००० | १५०० | २५०० | |
| १५. | मुक्ली- काँगेल | सल्लेरी | ३००० | ४५०० | ७५०० | |
| १६. | गा.पा. मुक्ली | पंचन | १४०० | २१०० | ३५०० | |
| १७. | पंचन | सल्लेरी | ३४०० | ५१०० | ८५०० | |
| १८. | गा.पा. मुक्ली | जुबु ४ | ४४०० | ६६०० | ११००० | |
| १९. | गा.पा. मुक्ली | जुबु ५- सुके | ४४०० | ६६०० | ११००० | |
| २०. | जुबु ४, ५- मार्मे | सल्लेरी | ७४०० | ११९०० | १८५०० | |
| २१. | मुक्ली-जुबु ४,५ | काठमाडौं | १६८०० | २५२०० | ४२००० | |
| २२. | गा.पा. मुक्ली | देउसा ७ वडा कार्यालय. | १००० | १५०० | २५०० | |
| २३. | गा.पा. मुक्ली | चेराखु- मासेप | १६०० | २४०० | ४००० | |
| २४. | गा.पा. मुक्ली | देउसा ८ वडा कार्यालय | १४०० | २१०० | ३५०० | |
| २५. | गा.पा. मुक्ली | दिप्लीघाट-अम्रास | १६०० | २४०० | ४००० | |

नवराज कोइराला
प्रमुख प्रशासकीय अधिकृत

थुलुङ दुधकोशी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मुक्ली, सोलुखुम्बु,
कोशी प्रदेश, नेपाल

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २६. | मुक्ली-देउसा ७,८, जालिम | सल्लेरी | ३४०० | ५१०० | ८५०० | |
| २७. | देउसा ७ र ८ | काठमाडौं | १२२०० | १८३०० | ३०५०० | |
| २८. | गा.पा. मुक्ली | दुधकोशी | २००० | ३००० | ५००० | |
| २९. | गा.पा. मुक्ली | लोखिम ९ वडा कार्यालय | ५४०० | ८१०० | १३५०० | |
| ३०. | गा.पा. मुक्ली | चन्दने-लामुडाँडा-कुरिमा | ६००० | ९००० | १५००० | |
| ३१. | मुक्ली-लोखिम | सल्लेरी | ८४०० | १२६०० | २१००० | |
| ३२. | गा.पा. मुक्ली- लोखिम | काठमाडौं | १८००० | २७००० | ४५००० | |
| ३३. | गा.पा. मुक्ली | सोताङ गा.पा | ५४०० | ८१०० | १३५०० | |
| ३४. | गा.पा. मुक्ली | माप्य दुधकोशी गा.पा | ६००० | ९००० | १५००० | |
| ३५. | गा.पा. मुक्ली | नेचा सल्यान गा.पा | ६००० | ९००० | १५००० | |
| ३६. | गा.पा. मुक्ली | लिखुपिके गा.पा | १४००० | २१००० | ३५००० | |
| ३७. | गा.पा. मुक्ली | महाकुलुङ गा.पा | ७४०० | १११०० | १८५०० | |
| ३८. | गा.पा. मुक्ली | खुम्बु पासाङल्हामु गा.पा | १४००० | २१००० | ३५००० | |

**नोटः माथि उल्लेखित ठाउँ बाहेक अन्य ठाउँहरुमा कृषि एम्बुलेन्स प्रयोग तथा सामान ढुवानी गर्नु परेमा प्रचलित भाँडादर अनुसार प्रयोग गर्न सकिनेछ। साथै भाडादर समय अनुकुलता अनुसार कार्यपालिकाले हेरफेर गरी लागु गर्न सक्नेछ।**

नवराज कोइराला
प्रमुख प्रशासकीय अधिकृत

दुधकोशी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मुक्ली, सोलुखुम्बु,
कोशी प्रदेश नेपाल

अनुसूची-२

## कृषि एम्बुलेन्स प्रयोगको लागि पेश गर्ने निवेदनको ढाँचा

मितिः....................

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,
थुलुङ दुधकोशी गाउँपालिका मुक्ली, सोलुखुम्बु।

विषयः कृषि एम्बुलेन्स सेवा सम्बन्धमा।

प्रस्तुत विषयमा ......................................................कृषक/फर्म/कृषि उद्यमी/ कम्पनि/कृषक समूह/सहकारी संस्था/उपभोक्ता समिति/संघ संस्थाले विगत लामो समय देखि व्यवसायिक रुपमा कृषि तथा पशुपंक्षी उत्पादन गर्दै आएका छु/छौं। हाल उक्त कृषि उपज बजार सम्म पुर्याउन ढुवानीको समस्या भएको र समयमै बजार पुर्याउन नसक्दा उपज बिग्रने जोखिम रहेकोले थुलुङ दुधकोशी गाउँपालिकाले संञ्चालनमा ल्याएको कृषि एम्बुलेन्स प्रयोग गरि..................... ठाउँ सम्म ढुवानी गर्नुपर्ने भएकाले यो निवेदन पेश गरेको छु/छौं।

विवरणः

| | |
|---|---|
| उत्पादित उपजको नाम | |
| परिमाण | |
| ढुवानी गर्नुपर्ने स्थान | |
| ढुवानी गर्नुपर्ने मिति | |

अतः नियमानुसार लाग्ने शुल्क बुझाई उक्त सेवा उपलब्ध गराई दिनुहुन अनुरोध गर्नछु।

निवेदकः
नामः
हस्ताक्षरः
सम्पर्क नं.

नवराज कोइराला
प्रमुख प्रशासकीय अधिकृत

थुलुङ दुधकोशी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मुक्ली, सोलुखुम्बु,
कोशी प्रदेश, नेपाल